# बर्दघाट नगरपालिका

नवलपरासी जिल्ला,
लुम्बिनी प्रदेश, नेपाल

**स्थानीय राजपत्र**

खण्ड-१, बर्दघाट, असोज २६ गते, २०८० साल (संख्या १६)

**भाग : २**

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ (१०) वमोजिम नगर कार्यपालिकाले बनाएको तल लेखिए वमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## बर्दघाट नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०८०

प्रस्तावनाः बर्दघाट नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न बाञ्छनीय भएकाले,

बर्दघाट नगरपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माणको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन यस नगरपालिकाको लागि नेपाल सरकारले स्वीकृत गरेको कर्मचारी दरवन्दिको अधिनमा रहि प्राविधिक कर्मचारीको रिक्त पदमा करार सम्झौताका आधारमा सेवा करारमा लिने

कार्यलाई व्यवस्थित गर्नका लागि बर्दघाट नगर कार्यपालिकाले मिति २०८०/०६/१६ मा यो कार्यविधि स्वीकृत गरी जारी गरेकोछ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम "बर्दघाट नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०८०" रहेको छ ।

ख. यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क. "प्रमुख" भन्नाले क्रमशः नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

ख. "ऐन" भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" सम्झनु पर्दछ ।

ग. "कार्यविधि" भन्नाले "बर्दघाट नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०" सम्झनु पर्दछ ।

घ. "कार्यालय" भन्नाले नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ङ. "प्राविधिक कर्मचारी" भन्नाले दफा ३ (२) बमोजिम प्राविधिक सेवा उपलब्ध गराउने गरी व्यवस्था भएका कर्मचारी सम्झनु पर्दछ ।

च. "समिति" भन्नाले दफा ५ बमोजिम गठित अन्तवार्ता तथा सूचिकरण समिति सम्झनु पर्दछ ।

**३. बर्दघाट नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धि कार्यविधि , २०८० (यस पछी कार्यविधि भनिएको) को दफा ४ मा संशोधनः**

१. दफा ४ को उपदफा ३ (क) १, २, ३, ४ को सट्टामा देहायबमोजिमको उपदफा ३ (क) १, २, ३, ४ राखिएको छः-

क. नूनतम शैक्षिक योग्यता वापत बढीमा साठी अंक मध्ये त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा देहाय बमोजिम गणना गर्नु पर्नेछ-

१. विशिष्ट श्रेणी (४.०-३.६ सम्म) वापत पचास (५०) अंक

२. प्रथम श्रेणी (३.५-२.८ सम्म) वापत पैतालिस (४५) अंक

३. द्वतीय श्रेणी (२.७-२.४ सम्म) वापत चालिस (४०) अंक

४. तृतीय श्रेणी (२.३-१.६ सम्म) वापत पैतीस (३५) अंक

२. **उपदफा ३ (घ) पछी देहायको दफा (ङ) थप गरिएको छः**

ङ. कम्प्यूटर सीप परीक्षण वापत दश अंक थप गर्ने ।

**आज्ञाले,**

**प्रकाश खनाल**

**प्रमुख प्रशासकीय अधिकृत**